कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, खोटाङ

दिक्तेल, नेपाल

प.सं. : ०८२/८३
च.नं. : १४४९ मितिः २०८३/०२/२६

**विषयः आयोजना फरफारक तथा भुक्तानी सम्बन्धि सूचना ।**

उपरोक्त विषयमा यस पूर्वाधार विकास कार्यालय, खोटाङबाट आ.व. २०८२/०८३ मा ठेक्का सम्झौता भएका आयोजनाहरुको भुक्तानीका लागि कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३(२) अनुसार ठेक्का सम्झौता भएका आयोजनाहरुको कार्यस्वीकार प्रतिवेदन असार पन्ध्र गते भित्र भुक्तानी प्रयोजनका लागि कार्यालयमा पेश गरिसक्नुपर्ने तथा ऐ. नियमावलीको नियम ३३(३) अनुसार बहुवर्षीय आयोजनाहरु बाहेक भुक्तानी दिनुपर्ने आयोजनाहरुको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने प्रावधान रहेकाले यस कार्यालयमा सम्झौता भएका आयोजनाहरुको तोकिएको कार्यदिश तथा सम्झौताको अन्तिम म्याद अवधि २०८३ साल असार १५ गते भित्र भुक्तानीका लागि आवश्यक कागजात, भुक्तानी निवेदन, बिल भरपाई, कार्य स्वीकार प्रतिवेदन सहित अनिवार्य दर्ता गर्नुहुन र सो मिति पश्चात आएका कुनै पनि निवेदन दर्ता नहुने समेत सूचित गरिन्छ। कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३(३) बमोजिम असार २४ गते भुक्तानी निकासा बन्द हुने र सालबसाली आयोजनाहरुको हकमा आगामी आ.व. बजेट सुनिश्चितता नहुने हुँदा कुनै प्रकारको म्याद थप समेत नहुने भएकाले उक्त समयावधि भित्र कार्यालयमा दर्ता हुन नआई भुक्तानी छुट हुन गएमा यस कार्यालय जवाफदेही नहुने तथा सो पश्चातको कुनै प्रकारको भुक्तानी माग तथा दाबीका लागि कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

०२/२६
.............................
ई. बिनम दाहाल
सिनियर डिभिजनल इन्जिनियर
कार्यालय प्रमुख

ई. बिनम दाहाल
सिनियर डिभिजन इन्जिनियर
कार्यालय प्रमुख